# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
# Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np, वेभसाइटः www.rghpcl.com.np


## Statement of Financial Position (Unaudited)

### As at 32nd Ashad 2082 (16th July 2025)

(NRs. "000")

| Particulars | This Quarter Ending Ashad 2082 (Provisional) | Previous Quarter Ending Chaitra 2081 (Provisional) | Corresponding Previous Year Quarter Ending Ashad 2081 (Audited) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 22,801,102 | 23,150,599 | 172,567 |
| Intangible Assets | 194 | 197 | 246 |
| Capital Work in Progress | 11,745 | 11,745 | 22,131,083 |
| **Total Non - Current Assets** | **222,813,041** | **23,162,541** | **22,303,896** |
| **Current Assets** | | | |
| Inventory | 149,855 | 2,872 | 3,063 |
| Prepayments | 9,405 | 12,216 | 1,476 |
| Advances & Deposits | 355,209 | 366,278 | 430,783 |
| Trade Receivables | 241,626 | 334,399 | - |
| Cash & Cash Equivalents | 114,449 | 110,048 | 366,248 |
| **Total - Current Assets** | **870,544** | **825,814** | **801,570** |
| **TOTAL ASSETS** | **23,683,585** | **23,988,355** | **23,105,466** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Share Capital | 6,842,100 | 6,842,100 | 6,842,100 |
| Retained Earnings | (868,861) | (527,659) | (381,627) |
| **Total Equity** | **5,973,239** | **6,314,441** | **6,460,473** |
| **Non - Current Liabilities** | | | |
| LLong Term Loans | 16,461,044 | 16,127,116 | 15,668,510 |
| Other Non-Current Liabilities | - | - | 623 |
| **Total Non - Current Liabilities** | **16,461,044** | **16,127,116** | **15,669,133** |
| **Current Liabilities** | | | |
| Provisions | 27,886 | 17,044 | 28,904 |
| Short Term Loan | 465,315 | 750,373 | 150,000 |
| Trade and Other Payables | 756,101 | 779,381 | 796,956 |
| **Total Current Liabilities** | **1,249,302** | **1,546,798** | **975,860** |
| **TOTAL EQUITY AND LIABILITIES** | **23,683,585** | **23,988,355** | **23,105,466** |

### Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
### For the period ended 32nd Ashad 2082 (16th July 2025)

| Particulars | This Quarter Ending Ashad 2082 (Provisional) | Previous Quarter Ending Chaitra 2081 (Provisional) | Previous Year Corresponding Quarter Ending Ashad 2081 (Audited) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | 968,895 | 616,230 | - |
| **Total Direct Income** | **968,895** | **616,230** | **-** |
| **Cost of Sales** | | | |
| Plant Operation Cost | (104,526) | (27,426) | - |
| Royalty | (25,849) | (12,222) | - |
| **Gross Profit/ (Loss)** | **838,520** | **576,583** | **-** |
| Employee Benefits | (16,379) | (12,409) | (17,072) |
| Administrative Expenses | (18,548) | (13,170) | (17,169) |
| Depreciation & Amortization | (531,318) | (287,524) | (2,698) |
| **Profit from Operations** | **272,275** | **263,480** | **(36,939)** |
| Finance Income | 1,409 | 471 | - |
| Finance Cost | (750,969) | (405,897) | - |
| Other Income/Expenses | (9,949) | (4,086) | (6,056) |
| **Profit/ (Loss) before Tax** | **(487,234)** | **(146,032)** | **(42,996)** |
| **Less: Tax** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax Income (Expense) | - | - | - |
| **Net Profit/ (Loss) For the Period** | **(487,234)** | **(146,032)** | **(42,996)** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६, उपनियम (१) को अनुसूची-१४ अनुसार कम्पनीको आ. व. २०८१/०८२ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) यस त्रैमासिक अवधिको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरणहरु माथि उल्लेख गरिए बमोजिम रहेको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| क्र. सं. | विवरण | आ. व. २०८१/०८२ को चौथो त्रैमासिक अवधि | आ. व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि | आ. व. २०८०/०८१ को चौथो त्रैमासिक अवधि |
|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी | (७.१२) | (२.८५) | (०.५३) |
| २ | मूल्य आम्दानी अनुपात | (४७.२३) | (१३३.४२) | (४६९.४५) |
| ३ | प्रति शेयर नेटवर्थ | ८७.३० | ९२.२९ | ९४.४२ |
| ४ | प्रति शेयर कूल सम्पति | ३४६.१४ | ३५०.६० | ३३७.७० |
| ५ | तरलता अनुपात | ०.७० | ०.५३ | ०.८२ |

* प्रति शेयर आम्दानीलाई वार्षिकिकरण गरिएको।

२. **व्यवस्थापकीय विश्लेषण**

(क) यस कम्पनीद्वारा रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरेको सिमाना हुँदै बहने भोटेकोशी नदिको पानी उपयोग गरी १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation Date - COD) शुरु भएकोमा मिति २०८२ साल असार २४ (सन् २०२५ जुलाइ ८) मा तिब्बत क्षेत्रको हिमताल फुट्नाले ल्हेन्दे नदीमा अचानक लेदो, गेग्रान तथा ठूलाठूला ढुङ्गा सहित आएको बाढी नेपाल-चीन सिमाना स्थित रसुवागढी हुँदै आयोजनाको श्रोत नदी भोटेकोशी आइपुग्दा नेपाल-चीन सीमा नजिकै अवस्थित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको बाँध स्थलको इन्टेक, डाइभर्सन वेयर लगायत बाँध स्थलका अधिकांश सिभिल संरचनाहरूमा व्यापक क्षति पुर्‍याएको, हाइड्रोमेकानिकल उपकरणहरू (ग्यान्ट्री क्रेनहरू) बगाएको र अन्य हाइड्रोमेकानिकल गेट तथा उपकरणहरूमा क्षति भएको, बाँधस्थल जाने स्थायी पुलको जग (Protection Structures)मा क्षति पुर्‍याएको, बाँधस्थलका संरचनाहरु लेदोले पुरिएको, आवास भवनहरू पूर्ण रुपमा क्षति भएको, उक्त आवास क्षेत्रमा पार्किङमा रहेका सवारी साधनहरु मध्ये ३ वटा बगाएको र ६ वटा बाढीले पुरेको, बिद्युतगृह जाने स्थायी पुलको जग (Protection Structures) मा क्षति पुर्‍याएको, टेलरेसबाट लेदो सहितको बाढी पसी विद्युतगृहको MIV Floor तथा Turbine Floor मा रहेका इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल उपकरणहरू डुबानमा परी क्षति भएको, सिभिल तथा हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदारको आवास तथा स्टोरमा समेत क्षति भएको, बाढीले जलविद्युत केन्द्रको बाँधस्थल, टेलरेस, सर्ज साफ्ट, आवास क्याम्प आदि जाने पहुँच सडकहरूको अधिकांश स्थानमा कटान गरी पहुँच मार्ग पूर्ण रुपमा अवरुद्ध भएको, जलविद्युत केन्द्र देखि बाँधस्थल, सर्ज टैंक तथा टेलरेस सम्मको ११ के.भी. विद्युत प्रशारण लाईन, अप्टिकल फाइबर लाईन, टेलरेसमा रहेको ट्रान्सफर्मर तथा पोलहरू बगाएको छ।

हाल जलविद्युत केन्द्रको विभिन्न संरचनाहरूमा जाने पहुँच सडक बाढीले कटान गरी अवरूद्द रहेकाले क्षतिको पूर्ण विवरण संकलन गर्न समस्या भइरहेको छ। यद्यपी पूर्ण विवरण संकलन कार्यलाई प्राथमिकताका साथ शुरू गरिएको र सम्बन्धित निकायहरूमा समेत आवश्यक जानकारी, सहयोग र समन्वयको लागि पत्राचार गरिएको छ। प्रारम्भिक चरणमा संकलन गरिएको क्षतिको विवरण अनुसार करिव रु.३ अर्व ५० करोड बराबरको क्षति रहेको भनि सोको जानकारी जिल्ला विपत व्यवस्थापन समिति, रसुवालाई उपलब्ध गराइएको छ।

आयोजनाको निर्माणमा संलग्न ठेकेदारहरुको कार्य सम्पन्न पश्चात् Taking Over Certificate (TOC) जारी भई २ वर्षको Defect Notification Period (DNP) शुरु भए पश्चात् आयोजनाको सम्पूर्ण सिभिल संरचना, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरु र प्रशारण लाइनको सम्भावित क्षतिको जोखिम न्यूनिकरण गर्न यस कम्पनीको तर्फबाट उक्त संरचनाहरु तथा उपकरणहरुको सम्पत्ती बीमा (Property Insurance) गरिएको हुँदा बाढीका कारण भएको क्षतिको यकिन तथा सो बमोजिम बीमा दावीका लागि आवश्यक कार्य भइरहेको छ।

यस कम्पनीको अधिकृत पूँजी रु. ७ अर्व, जारी पूँजी रु. ६ अर्व ८४ करोड २१ लाखर चुक्ता पूँजी जारी पूँजीको शतप्रतिशत अर्थात रु. ६ अर्व ८४ करोड २१ लाख कायम रहेको छ। स्वपूँजी अन्तर्गत ५१% शेयर संस्थापक शेयरधनी समूहको र ४९% शेयर सर्वसाधारण शेयरधनी समूहको रहेको छ। आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण दिर्घकालिन ऋण श्री कर्मचारी संचयकोषबाट प्राप्त हुने गरी ऋण सम्झौता भई सोको परिचालन भएको छ। २०८१ सालको पौष मसान्तसम्ममा कोषलाई तिर्नु पर्ने सावाँ रकम रु.१० अर्व १६ करोड २१ लाख र सो अवधिसम्मको व्याज रकम रु.६ अर्व २७ करोड ५२ लाख ८० हजार पूँजीकृत भई कुल ऋण रकम रु.१६ अर्व ४३ करोड ७३ लाख ८० हजार कायम भएको छ। कोषलाई तिर्नुपर्ने ऋणको बार्षिक व्याजदर २०८१ माघदेखि ८.२५% कायम भएको थियो। हाल वित्तीय बजारमा देखिएको अधिक तरलता, बैंक तथा वित्तीय संस्थाहरुको क्रमशः घट्दो आधार दरका साथै संस्थागत निक्षेपकर्ताले वित्तीय संस्थाहरुबाट प्राप्त गर्ने निक्षेपको व्याजदर समेत उल्लेख्य रुपमा घटिरहेको सन्दर्भमा कोषबाट हाल कायम उक्त व्याजदरलाई शिघ्र पुनरावलोकन गरिदिन कोषलाई अनुरोध गरिएकोमा कोषले २०८२ श्रावणदेखि लागू हुनेगरी कर्जाको व्याजदर ८% कायम गरेको छ।

आयोजनाबाट व्यापारीक विद्युत उत्पादन शुरु भइसकेकाले कम्पनीले ऋण तिर्न शुरु गरी ९ वर्ष (३६ किस्ता) मा संचय कोषसंगको सम्पूर्ण ऋण चुक्ता गर्ने योजना मुताविक पहिलो किस्ता स्वरुप २०८१ को चैत्र मसान्तमा कोषलाई रु.६५ करोड १४ लाख ६० हजार भुक्तानी गरिएको छ। कम्पनीको नगद प्रवाहलाई व्यवस्थापन गर्न श्री नबिल बैंक लिमिटेडसंग वार्षिक व्याजदर ६.७५% मा रु.३९ करोड Working Capital Loan लिइएकोमा विद्युत बिक्रीबाट प्राप्त रकमबाट रु.२९ करोड भुक्तानी गरी हाल रु.१० करोड भुक्तानी गर्न बाँकी रहेको छ। २०८२ आषाढ २४ गतेको बाढीका कारण जलविद्युत केन्द्र बन्द हुँदा विद्युत बिक्रीबाट तत्काल रकम प्राप्त नहुने र आयोजना/जलविद्युत केन्द्रको तत्काल पुर्नस्थापनाका कार्यहरु गर्न गराउन आवश्यक रकमको व्यवस्थापन गर्नुपर्ने भएकाले २०८२ को आषाढ मसान्तमा श्री कर्मचारी संचयकोषलाई तिर्नुपर्ने ऋणको किस्ता रकम भुक्तानी गर्न सकिएको छैन।

आयोजना निर्माणका बखत पनि विविध काबु बाहिरको परिस्थिति श्रृजना भई तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्दा शुरु अनुमानको तुलनामा निर्माण लागत बृद्धि भएको थियो। जलविद्युत केन्द्रबाट व्यपारीक रुपमा विद्युत उत्पादन हुनु अघि (२०८१ पौष १५) सम्मको लागतका आधारमा आयोजनाको कुल निर्माण लागत निर्माण अवधीको व्याज समेत गरी करिव रु.२४ अर्व ९९ करोड हुन पुगेको छ। यसबाट आयोजना निर्माण लागतको कर्जाः स्वपूँजी अनुपात शुरुको ५०:५० प्रतिशतबाट परिवर्तन भई करिव ७१:२९ प्रतिशत कायम भएको छ। हालको बाढीबाट भएको क्षतिको यकिन, बीमा दावी र सोको फछ्र्यौट हुन समय लाग्ने भएकाले आयोजना/जलविद्युत केन्द्रको पुनः स्थापनाका लागि लाग्ने थप लागत अनुमानको यकिन गर्न बाँकी रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं।

(ख) **आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**

पूर्व निर्धारित कार्य तालिका अनुरुप आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेको भएता पनि मिति २०८१ साल पौष १६ गतेबाट व्यापारीक रुपमा विद्युत उत्पादन शुरु भएकाले आयोजनाबाट बार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई यस कम्पनीलाई बार्षिक रु.३ अर्व २५ करोड आम्दानी प्राप्त हुने अनुमान रहेको छ। यद्यपि, बाढीका कारण हाल जलविद्युत केन्द्र बन्द रहेकाले आ.व. २०८२/०८३ को कम्पनीको नगद प्रवाहमा भने उल्लेख्य असर पर्ने देखिएको छ। जलविद्युत केन्द्रको पुनः स्थापना पश्चात् विद्युत बिक्रीबाट हुने आम्दानीबाट सर्वप्रथम ऋणका किस्ता भुक्तानीलाई निरन्तरता दिई कम्पनीलाई वित्तीय रुपमा सबल बनाई शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने कम्पनीको मुख्य लक्ष्य हुनेछ। साथै विद्युत उत्पादनमा आत्मनिर्भर हुँदै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने राष्ट्रको उद्देश्यलाई सहयोग पुर्‍याउन अन्य आयोजनाहरुको पहिचान, अध्ययन तथा निर्माण गर्ने कम्पनीको भावि योजना रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी नभएको,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी नभएको,

४. **संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः**

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | शेयर कारोबार रकम (रु.) | कारोबार शेयर संख्या | कारोबार भएको कूल दिन |
|---|---|---|---|---|---|
| ४५७/०० | ३१९/०० | ३३६/३५ | २,३१,८२,४१,७३१ | ५४,७८,०२८ | ६३ |

५. **समस्या र चुनौतीः**

रसुवागढी जलविद्युत आयोजना निर्माणको चरणमा पटक-पटक विविध काबु बाहिरको परिस्थिति उत्पन्न भएको हुँदा विभिन्न समस्या र चुनौतिहरुको सामना गर्दै आयोजना सम्पन्न गरी व्यापारीक विद्युत उत्पादन शुरु भइसके पश्चात् पहिलेको भन्दा फरक प्रकारका समस्या तथा चुनौतिहरुको सामना गर्नुपर्ने परिस्थितिको आँकलन गरिएको भएतापनि आयोजना/जलविद्युत केन्द्रमा मिति २०८२/०३/२४ मा आएको ठूलो बाढीका कारण सिभिल तथा हाइड्रोमेकानिकल संरचना, मेसीन उपकरण तथा कम्पनीका सवारी साधन लगायत अन्य सम्पत्तीहरुमा क्षति पुगेको र पहुँच मार्गहरु पूर्ण रुपमा अवरुद्ध रहेकाले क्षतिको विवरण यकिन गर्न समेत कठिनाई भइरहेको, साथै कर्मचारी आवास पूर्ण रुपमा क्षति भएका कारण आयोजना/जलविद्युत केन्द्रको संरक्षण तथा पुनः स्थापनामा खटिने कर्मचारीहरुको बसोबास लगायतको आधारभुत व्यवस्था मिलाउन र आवश्यक मेसीन उपकरण तथा थप जनशक्ति साइट पुर्‍याउन निकै कठिनाइ भइरहेको हालको परिस्थितिमा वर्षातको समय अझै बाँकी रहेको हुँदा क्षतिग्रस्त संरचनाहरुको पुर्नस्थापनाका कार्यहरु योजना अनुरुप गर्न नसकिएकाले आयोजना/केन्द्रलाई जतिसक्दो छिटो पुर्नस्थापना गरी विद्युत उत्पादन सूचारु गर्नु अहिलेको मुख्य चुनौति रहेको छ।

यस बाहेक, आयोजना निर्माण अवधिमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन, आयोजना निर्माण क्षेत्रको भौगर्भिक अवस्थितिका कारण बाढी पहिरोको सामना गर्नुपर्ने अवस्था तथा मौसमी प्रतिकूलताका कारण नदीको बहावमा आउन सक्ने उतार-चढावका कारण वार्षिक उत्पादन हुने विद्युत शक्तिको अनुमानमा परिवर्तन हुनसक्ने लगायतका थप समस्या र चुनौतिहरु देखिएका छन्।

६. **संस्थागत सुशासनः**

कम्पनी ऐन, २०६३ आयकर ऐन, २०५८ धितोपत्र ऐन, २०६३ लगायत यस कम्पनीतर्फ आकर्षित हुने ऐन तथा नियमहरुको पालना गरिएको छ। कम्पनीमा संस्थागत सुशासन कायम गर्न संचालक समितिबाट लेखापरीक्षण समिति, पदपूर्ति समिति र जोखिम व्यवस्थापन उप-समितिहरुको गठन गरी भए गरेका कार्यहरुको अनुगमन तथा नियन्त्रण गर्ने गरिएको छ। कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियामवली, कर्मचारी सेवा शर्त विनियमावली लगायतका अन्य नीतिहरु तथा कार्यविधिहरु निर्माण गरी संचालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म संस्थागत तथा व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।


**मिति २०८२/०४/२९ गतेको नागरिक दैनिकमा प्रकाशित।**